# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

श्री समयनाथ उच्च माध्यमिक विद्यालय, कपिलवस्तुका तत्कालीन प्रधानाध्यापक थानेश्वर खनालले विद्यालय व्यवस्थापनको विविध विषयहरूमा अनियमितता गरेको, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छविलाल भुसाल, वर्तमान प्रधानाध्यापक गिरीराज गैरे र तत्कालीन प्रधानाध्यापक थानेश्वर खनाल जैसी समेतको मिलेमतोमा विद्यालयको सम्पूर्ण क्रियाकलाप तथा सञ्चालनमा लापरवाही गर्दै आएको र विभिन्न निकायबाट विभिन्न शीर्षकमा आएको रकम लापरवाही गरी हिनामिना गरेको, विद्यालय व्यवस्थापन समिति शिक्षा नियमावली बमोजिम नभएको, महायज्ञमा संकलित रकममा हिनामिना गरेको, दरबन्दीका शिक्षकलाई अनियमित तवरले तलबभत्ता खुवाएको, विद्यालयमा दरबन्दीका शिक्षक बढी हुँदाहुँदै निजी स्रोतमा शिक्षक राखी विद्यालयलाई हानी पुऱ्याएको भन्ने समेत ब्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा श्री समयनाथ उच्च माध्यमिक विद्यालय हाल समयनाथ माध्यमिक विद्यालय, कपिलवस्तुका तत्कालीन प्रधानाध्यापक थानेश्वर खनाल जैसी, शिक्षक दधिराम न्यौपाने र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छविलाल भुसाल समेतले एक आपसको मिलेमतोमा बिद्यालयको लागि निकासा भएको रकम आफैले झिकी खाईमासी हिनामिना गरेको पुष्टि हुन आएको हुँदा उक्त कार्यमा संलग्न रहेका तत्कालीन प्रधानाध्यापक थानेश्वर खनाल जैसीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज उपर बिगो रू.२१,३९,६०५।०४ (एक्काईस लाख उनान्चालीस हजार छ सय पाँच रूपैया चार पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को देहाय (च) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको बिगो रकम रू.२१,३९,६०५।०४ (एक्काईस लाख उनान्चालीस हजार छ सय पाँच रूपैया चार पैसा) भ्रष्टाचार निवारण ऐन, २०५९ को १७ बमोजिम निजबाट असुलउपर हुन, साथै श्री समयनाथ उच्च माध्यमिक विद्यालय हाल समयनाथ माध्यमिक विद्यालय, कपिलवस्तुका शिक्षक दधिराम न्यौपाने र विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष छविलाल भुसालले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरू उपर जनही बिगो रू.६,०७,०७०।८६ (छ लाख सात हजार सत्तरी रूपैया छयासी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को देहाय (ङ) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको बिगो रकम रू.६,०७,०७०।८६ (छ लाख सात हजार सत्तरी रूपैया छयासी पैसा) भ्रष्टाचार निवारण ऐन, २०५९ को १७ बमोजिम निजहरूबाट असुलउपर हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता